# देवचुली नगरपालिकाको नगर उप-प्रमुखले १६ औं अधिवेशनमा पेश गर्नु भएको बजेट वक्तव्य।


<u>प्रस्तुतकर्ता</u>

पार्वता तिवारी

नगर उप-प्रमुख



देवचुली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश


*मिति: २०८२ असार ०९ गते सोमबार।*

# देवचुली नगरपालिकाको आर्थिक वर्ष २०८२/ ०८३ को वजेट वक्तव्य ।

नगरसभाका सभाध्यक्ष ज्यू,
नगरसभाका सदस्य ज्यूहरु,

- यस नगरपालिकाको १६ औं अधिवेशनमा आ.व २०८२/०८३ को बजेट तथा कार्यक्रम पेश गर्न पाउँदा गौरव महशुस गरेको छु ।
- यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, स्वाभिमान, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनका साथै विभिन्न काल खण्डमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिद प्रति भावपूर्ण श्रद्वान्जली अर्पण गर्दछु ।
- बजेट तर्जुमा गर्दा संघीय सरकार र गण्डकी प्रदेश सरकारको वार्षिक बजेटसँग अधिकतम तादम्यता मिल्नेगरी तयारी गरी पेश गरेको छु । साथै नेपालको संविधानको अनुसूची बमोजिम स्थानीय तहको अधिकार सूची, स्थानीय सरकार संचालन ऐन, दिगो विकासका लक्ष्य, नगरको दोस्रो पन्चवर्षीय आवधिक योजना, रोजगार रणनीति, राजस्व सुधार कार्ययोजना, संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको नीति र प्राथमिकतालाई ध्यानमा राखेको छु ।

सभाध्यक्ष ज्यू,

अब म चालु आर्थिक वर्षमा भएका महत्वपूर्ण कार्यक्रम तथा उपलब्धीहरु यस नगरसभामा पेश गर्ने अनुमति चाहान्छु ।

१. चालु आर्थिक वर्षमा विनियोजन भएको कुल बजेटको ११ महिना सम्ममा नगरपालिकाको वित्तीय प्रगति ६७.४५ प्रतिशत रहेको छ । नगरको चालु खर्च ७५.४१ प्रतिशत रहेको छ भने पूँजीगत तर्फ ४५.६ प्रतिशत रहेको छ । क्षेत्रगत रुपमा आर्थिक विकासमा ३५.७८ प्रतिशत पूर्वाधार विकासमा ४७.५८ प्रतिशत, सामाजिक विकासमा ७७.१७प्रतिशत, वन वातावरण विपद व्यवस्थापन र अन्तरसम्वन्धित २७.१४ प्रतिशत र कार्यालय सञ्चालन ६६.५ प्रतिशत वित्तीय प्रगति रहेको छ ।

२. नगरभित्रका विभिन्न स्थानमा करिव ३५६७ मि कालोपत्रे, २१०० मि. कालोपत्रे मर्मत, ६००० मि ग्रावेल/स्त्रोंनती,१३००० मि नाला/साइड वाल, २३ वटा कल्भर्ट , ३१ वटा समुदायिक भवन निर्माण तथा स्तरोन्नती गरिएको छ ।

३. खरिद प्रकृयालाई पारदर्शी र स्वच्छ प्रतिस्पर्धी बनाउनका लागि विद्युतीय बोलपत्रमार्फत चालु आ व मा कुल १२ करोड ५० लाख रकमको २५ वटा पूर्वाधार योजनाहरु सम्पन्न भएका छन।

४. ११७ नगरस्तरीय तथा १२५ वडास्तरीय तथा संघिय/प्रदेश हस्तान्त्रित २३+२ गरी जम्मा २६७ योजना मध्य सम्पूर्ण योजनाहरुको सम्झौता भएको तथा १३५ वटा योजनाहरु सम्पन्न भएका छन्।

५. नगरपालिका तथा नगर अस्पतालको स्टेसनरी सामग्री एवम औसधि,सेनेटरी प्याड र औसधिजन्य सामग्रीको विद्युतीय बोलपत्रको माध्यमबाट सम्पन्न भएको छ।

६. २५ वटा घरहरु प्रथम चरण,६२ वटा घरहरुदोश्रो चरण, ८१ वटा घरहरु सम्पन्न , २ वटा घरहरु अस्थाई सम्पन्न ,३३७ वटा घरहरु अभिलेख तथा ४९ वटा घरहरु नामसारी गरी जम्मा ५५५ वटा घरहरु नक्सा प्रक्रियामा रहेको छ।

७. संघीय सरकारको विशेष अनुदान अन्तर्गतको १५६५ मिटर कंक्रिट ढलान सहित मेष जाली निर्माण (वार्ड-०१,१३,१४,१५,१७) कार्य सम्पन्न भएको छ।

८. १५ शैयाको आधारभूत अस्पतालको ९५% भौतिक प्रगतिको आधारमा १० किस्तासम्म रकम भुक्तानी गरिएको

९. नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत विद्यालयको भौतिक तर्फको कार्य विद्युतीय बोलपत्रको माध्यमबाट कार्य प्रारम्भ भई सम्पन्नको चरणमा रहेको छ।

१०. सडक बोर्ड कार्यक्रम अन्तर्गत विनियोजित ५३ लाख तथा नगरपालिकाको म्यचिंगमा सडक मर्मत गर्ने कार्य भएको।

११. आकस्मिक बाली संरक्षण अन्तर्गत मकैको फौजिकिरा रोकथामका लागि आइ.पि.एम्. विधिबाट सतप्रतिशत अनुदानमा कृषकलाई फेरेमन ल्यूर सहितको फनेल ट्रयाप र 5 ग्रामको इमामेक्टिन बेन्जोइट वितरण गरिएको छ।

१२. खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ३९ हजार ४ सय ९५ किलो धान र १६ हजार किलो गहुँको बिउ वितरण गरिएको छ।

१३. कृषक समुह सुदृढिकरण कार्यक्रम अन्तर्गत जम्मा १६ नयाँ समुह दर्ता र थप नविकरण भएका समुहको संख्या सहित जम्मा १६६ समुह कृषि विकास शाखामा दर्ता भएका छन्।

१४. किसानसँग प्राविधिक कार्यक्रम अन्तर्गत खेत खेतमा कृषि प्राविधिक भन्ने सिद्दान्तलाई मध्य नजर राख्दै कृषि ज्ञान केन्द्र सहितको विज्ञ टोलिले देवचुली नगरपालिका भित्रका सम्पूर्ण वडाहरुमा धान खेतिको निरिक्षण अनुगमन गरी रोग किरा व्यवस्थापन गरिएको ।

१५. तेलहन/दलहन बाली प्रवर्द्धन कार्यक्रम तथा मसालाबाली प्रवर्धन कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा क्रमशः तोरी र वेसारको वीउ वितरण भएको छ।

१६. नगर सवारी घर-घरमा करेसाबारी कार्यक्रम अन्तर्गत दर्ता तथा नविकरण भएका कृषक समुहलाइ हिँउदे तरकारी बालि तथा लहरे तरकारी बालीको वीउ सतप्रतिशत अनुदानमा वितरण गरिएको छ।

१७. वार्षिक रुपमा जम्मा ३५ मेट्रिक टन मह तथा २८० मेट्रिक टन फूल उत्पादन भएको छ।

१८. साना सिंचाइ विकास कार्यक्रम अन्तर्गत ३३ कृषक समुहलाई ८५ प्रतिशत अनुदानमा रु २६ लाख ५० हजार बराबरको पूर्वाधार योजना सम्पन्न भएका छन ।

१९. मागमा आधारित कृषि यन्त्र उपकरण औजार खरिद कार्यक्रम अन्तर्गत इलेक्ट्रिक स्पे ट्याङ्कि र म्यानुवल स्पे ट्याङ्कि मागको आधारमा ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ ।

२०. माटोको नमुना जाँच गरी माटोको अम्लीयपन सुधारको लागि ७५ प्रतिशत अनुदानमा १७ हजार २ सय पचास के जी कृषि चुन वितरण गरिएको छ ।

२१. सम्भाव्यता अध्ययनका आधारमा वडा नं १०,१३, १५, १६ र १७ मा चैते धान पकेट क्षेत्र, वडा नं ९, १० र १७ मा मकैबाली पकेट क्षेत्र, वडा नं १० १५ र १७ मा च्याउ पकेट क्षेत्र, वडा नं ३, १२ र १५ मा बेसार उत्पादन क्षेत्र र वडा नं १२ मा गहुँ पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिएको छ ।

२२. नयाँ बाली प्रदर्शनी तथा परीक्षण कार्यक्रमबाट शत प्रतिशत अनुदानमा विभिन्न कृषक तथा कृषक समुहलाइ नयाँ जातका करेला, घिरौला, भिण्डी, लौकाको वीउ वितरण गरिएको छ।

२३. आ.व. २०८१/०८२ मा नयाँ तरकारी पकेटको रुपमा जम्मा ७ कृषि फर्मद्वारा पकेट निर्माण गरी एकिकृत रुपमा कृषि कार्यक्रम सञ्चालन गरिएको छ।

२४. मसिना तथा बास्नादार धान प्रवेद्धन कार्यक्रमबाट चैते धान खेति गर्ने कृषकलाई सिंचाई पाइप, त्रीपाल सहित सुक्ष्म खाद्यतत्त्व ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ।

२५. पशुपालक किसान प्रोत्साहनको लागि ५० प्रतिशत अनुदानमा हिउँदे र वर्षे घासको बिउ वितरण तथा व्यवसायिक फर्महरुमा  यान्त्रिकरण कार्यक्रम गरिएको छ।

२६. ८५ सामुदायिक कुकुरहरुको वन्ध्याकरण र २१४ कुकुरहरुमा निशुल्क रेविज खोप लगाइएको छ।

२७. पशु स्वास्थ्य शिविर सञ्चालन र कृत्रिम गर्भाधान मिशन कार्यक्रम अन्तर्गत गाई भैँसीहरुमा कृत्रिम गर्भाधान कार्यलाई निरन्तर तथा व्यवस्थित गरिएको छ।

२८. साइलेज कार्यक्रम प्रवर्धनको लागि मकै खेती गर्ने कृषकहरुलाई ५० प्रतिशत अनुदानमा हाईब्रिड मकैको विउ वितरण कार्यक्रम सञ्चालन गरिएको छ।

२९. स्थानीय जडीबुटी पहिचान तथा प्रवर्धन, भान्सा सुधार कार्यक्रम मार्फत स्वस्थ जीवनशैली सुधारमा जोड दिइएको।

३०. पन्चकर्म/पूर्वकर्म कार्यक्रम, आरोग्य आयुर्वेद क्लिनिक,ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्धन लगायत कार्यक्रम  मार्फत २३७२ जनालाई सेवा उपलब्ध गराईएको।

३१. निशुल्क आयुर्वेद स्वास्थ्य शिविर कार्यक्रममा विभिन्न रोगको औषधी उपचार तथा परामर्शको साथै प्रयोगशाला सहित ३०२ जनालाई निशुल्क सेवा उपलब्ध भएको।

३२. देवचुली नगर अस्पतालबाट दैनिक विशेषज्ञ सेवा, दैनिक भिडियो एक्सरे सेवा सहित अन्य सम्पूर्ण सेवा मेडिकल अधिकृत सहित प्रयोगशाला, फार्मेसी, टिकट काउन्टर ,आकस्मिक कक्ष ,बिरामी भर्ना, सुत्केरी सेवा २४ सै घण्टा सञ्चालन भएको छ।

३३. नगर अस्पतालको नयाँ भवनबाट दन्तरोग बिशेषज्ञद्वारा सेवा सञ्चालन,आखा उपचार क्लिनिक, फिजियो थेरापी सेवा,पोस्ट मार्टम सेवा,अत्याधुनिक भिडियो एक्सरे,मुटुको भिडियो एक्सरे, गर्भको बच्चाको एनोमाली स्क्यान,मेजर-माइनर अपरेसन सेवा,डायलाइसिस सेवा थप गरि आबश्यक उपकरण जडान सहित क्रमशः सञ्चालन गर्ने क्रममा रहेको छ।

३४. नगरभित्रका  स्वास्थ्य सस्थामा  पेपरलेश सेवा दिने व्यवस्था मिलाइएको छ।

३५. नगर जनस्वास्थ्य कार्यक्रम मार्फत ३५७० जना जेष्ठ नागरिकलाई घरदैलोमा स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

३६. ६ देखि १० कक्षा सम्म अध्ययन गर्ने किशोरीहरुलाई HPV खोप अभियान सञ्चालन गरी २७८० जनालाई खोप लगाइएको छ ।

३७. नगर भित्रका ५ बर्ष मुनिका बालबालिकाको पोषण स्क्रिनिंग गरी कुपोषित बालबालिकालाई उपचारको दायरामा ल्याइएको छ ।

३८. घरमा शून्य सुत्केरी कार्यक्रम तथा दुर्गम ठाउबाट बर्थिंग सेन्टरमा आई सुत्केरी सेवा लिएका महिलाहरुलाई नगद सहित प्रोत्साहन गरिएको छ ।

३९. नगर क्षयरोग मुक्त अभियान कार्यक्रम अन्तर्गत AI X-Ray मार्फत क्षयरोग स्क्रिनिंग कार्यक्रम सञ्चालन तथा सम्पन्न गरिएको छ ।

४०. विशेषज्ञ सहित महिलाको स्तन तथा पाठेघरको क्यान्सर सम्बन्धी निशुल्क स्क्रिनिंग शिबिर सञ्चालन तथा निशुल्क आखा परीक्षण शिबिर सञ्चालन गरी बिरामीको उपचारको लागि सहजिकरण गरिएको छ।

४१. नगरभित्र बसोबास गर्ने बिपन्न क्यान्सर रोगी, डायलाइसिस गरिरहेका, मेरुदण्ड पक्षघातका बिरामीलाई उपचार खर्च प्रदान गरिएको छ ।

४२. नगर अस्पताल तथा स्वास्थ्य सस्था मार्फत हालसम्म नयाँ र पुरानो गरी जम्मा १४१३८२ बिरामीहरुलाई स्वास्थ्य सेवा दिइएको छ ।

४३. खोपकेन्द्र मार्फत हरेक महिना १३ प्रकारको घातक रोगहरुका बिरुद्दमा १५ महिना सम्मका सबै बालबालिकाहरुलाई नियमित खोपहरु दिइएको छ ।

४४. मिति २०८२/०२/१८ गते नगरलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ ।

४५. नगर भित्रका ५ वर्ष सम्मका १००% बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि खुवाएको ।

४६. विद्यालय शिक्षालाई सिपसँग जोड्ने नगरपालिकाको मुख्य शैक्षिक योजना अनुसार विद्यार्थी सिपमेला सम्पन्न गरिएको छ ।

४७. देवचुली आधरभूत विद्यालय, देवचुली – १६ लाई सोहि वडाको देवचुली माध्यमिक विद्यालयमा समायोजन गरिएको छ ।

४८. शिक्षक दरबन्दी मिलान अन्तर्गत हालसम्म ७० शिक्षक थप तथा व्यवस्थापन गरिएको छ ।

४९. प्रसुति बिदा क्षति न्यूनिकरण अनुदान अन्तर्गत प्रसुतिका कारणले हुने शैक्षिक क्षतिको न्यूनिकरणको लागि कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिएको छ।

५०. मासिक शिक्षक कर्मचारी तलब निकासालाई निरन्तरता दिइएको छ ।

५१. विज्ञ प्रशिक्षकहरुको  सहजिकरण तथा शिक्षकहरुको उत्साहजनक उपस्थितिमा गणित, विज्ञान र अंग्रेजी विषयको तालिम कार्यक्रम सञ्चालन गरिएको छ।

५२. नगर स्तरीय अतिरक्त कृयाकलाप तथा अन्तराष्ट्रिय युवा दिवसको वक्तृत्वकलामार्फत विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन तथा सम्मान कार्यक्रम सञ्चालन गरिएको छ।

५३. शिक्षा दिवस समारोह मार्फत शिक्षक तथा विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन गरिएको छ ।

५४. बालविकास सहजकर्ताहरुको पाठ्यक्रम तथा शैक्षिक सामाग्री निर्माण सम्वन्धी क्षमता विकास तथा अभिमुखिकरण गरिएको छ।

५५. नगर स्तरीय आधारभूत तह कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गरिएको छ।

५६. विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीहरु तथा प्रधानाध्यापकहरुको विद्यालय सुधार योजना निर्माण सम्वन्धी कार्यशाला सम्पन्न गरिएको छ ।

५७. विद्यालयमा नगर प्रमुख सहितको नियमित तथा एकिकृत अनुगमन सञ्चालन तथा विद्यार्थीसँग मेयर कार्यक्रमको सुरुवात गरिएको छ।

५८. नगर भित्रको खेलाडी उत्पादन तथा खेलकुदको दिगो विकास गर्ने उद्धेश्यले १६ वर्ष मुनीका ३६१ जना खेलाडिहरुलाई फुटबल र क्रिकेटको ४५ दिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ।

५९. राष्ट्रपति रनिङशिल्डको निरन्तरता स्वरुप विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिएको छ।

६०. चौथो मेयर कप फुटबल, उपमेयर कप भलिवल तथा दोस्रो लिगको अनुभव सहितको T20 क्रिकेट प्रतियोगिता सञ्चालन गरिएको छ।

६१. राष्ट्रिय स्तरका क्रिकेट खेलाडिसँग अन्तर्कृया तथा सम्मान कार्यक्रम सम्पन्न गरिएको छ।

६२. नगरपालिकाको संरक्षकत्वमा जिल्लाकै दोस्रो धनराशी भएको देवचुली गोल्डकप फुटबल सम्पन्न गरिएको छ।

६३. नेपालको U 19 राष्ट्रिय टिममा अपारजित पौडेल, एन पि एल मा सुदिप अर्याल छनौट हुन सफल भएको तथा सेपाक ताक्रो अन्तराष्ट्रिय खेलमा २ जना खेलाडि सहभागि हुन सफल हुनुका साथै U 16 नवलपुर जिल्ला क्रिकेट टिममा ९ जना, प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्डमा १९ जना छनौट हुन सफल भएको छ।

६४. गैँडाकोटमा सञ्चालित प्रथम वि.पी. कप फुटबल प्रतियोगितामा नगरको टिम प्रथम हुन सफल भएको छ ।

६५. ज्येष्ठ नागरिक र सरोकारवालाबिच अन्तरक्रिया र असल संरक्षक सम्मान कार्यक्रम तथा विषेशज्ञ चिकित्सकद्धारा अल्जाईमर रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

६६. अपाङ्गता दिवसको अवसरमा विभिन्न खेल सहित कार्यक्रम सञ्चालनसँगै सहायक सामाग्री वितरण गरिएको छ ।

६७. महिला लक्षित सिप विकास अन्तर्गत ढकिया बनाउने र क्रिस्टल सामाग्री चुरा, पोते, माला बनाउने तथा बुटिक तालिम सम्पन्न भएको छ ।

६८. किशोरीहरुकालागि आत्मरक्षा तथा जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ ।

६९. उप प्रमुखसँग महिला उद्यमशीलता कार्यक्रम अन्तर्गत महिलाहरु क्षमता विकासको लागि व्यूटीसियन तालिम, वित्तीय साक्षरता तथा मनोपरामर्श, उदघोषण तालिम लगायतका कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

७०. तयारी पोशाक तथा एडभान्स सिलाई कटाई तालिम ३० दिने सञ्चालन भएको छ ।

७१. नगर स्तरीय बाल भेला सम्पन्न र नगर तथा वडा स्तरिय बाल सन्जाललाई पोषण सम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न गरिएको छ ।

७२. महिला सहकारी तथा टोल विकास संस्थाका पदाधिकारीहरुलाई पोषण, फोहोरमैला व्यवस्थापन, स्वास्थ्य विमा कार्यक्रम तथा करेसाबारी निर्माण सम्वन्धी एकिकृत तालिम सम्पन्न भएको छ।

७३. आमा समूहका पदाधिकारीहरुलाई महिनावारी स्वच्छता र सुनौलो हजार दिनको महत्वबारे अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको छ।

७४. वडा स्तरमा सुनौलो हजार दिनका आमाहरुका लागि कार्यक्रम सञ्चालन गरिएको छ।

७५. नगरभित्र रहेका होमस्टेहरुको प्रवर्धन तथा क्षमता विकास गर्नको लागि होमस्टे व्यवस्थापन कार्यक्रम सञ्चालन भएको छ।

७६. सहकारीहरुको बढ्दो खराव ऋण प्रवाह र जोखिमलाई न्यूनिकरण गर्नको लागि कर्जा सूचना केन्द्र स्थापना गरिएको छ।

७७. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत सामूहिक बेसार खेति प्रर्वधन कार्यक्रम र हाते तान बाट ढाकाको कपडा बुन्ने सिपमूलक कार्यक्रम सञ्चालन भएका छन।

७८. नगरभित्रका युवाहरुलाई सिप सँग जोड्ने अभियान अन्तर्गत जुनियर पलम्विङ, ड्राईभिङ, बारिस्टा तालिम र केराको रेशा बाट हस्तकलाको सामाग्री बनाउने तालिम कार्यक्रम सञ्चालन भएका छन ।

७९. डिजिटल नगर प्रोफाइल, त्रि वर्षीय आवधिक योजना र राजस्व सुधार कार्ययोजना निर्माण भएको छ।

८०. देवचुली नगरपालिकाका बेरोजगार व्यक्तिहरुलाई दर्ता गरी रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचिकृत गरी ४० जना बेरोजगारहरुलाई औसत ३० दिनको रोजगारी प्रदान गरिएको छ।

८१. युवा रोजगारीका लागि रुपान्तरण पहल योजना अन्तर्गत सूचिकृत ४० जना वेरोजगारलाई कार्यस्थलमा आधारित डकर्मी सम्वन्धी ५० दिने तालिम प्रदान गरिएको छ।

८२. वैदेशिक रोजगारिमा जाने १७५ जना व्यक्तिहरुलाई पुनः श्रम स्वीकृति प्रदान गरिएको छ ।

८३. वैदेशिक रोजगारिमा गई मृतु वा अङ्गभङ्ग भएका व्यक्तिहरुलाई वैदेशिक रोजगार वोर्डले प्रधान गर्ने आर्थिक सहायताको लागि सहजिकरण गरिएको छ।

८४. देवचुली-२ स्थित मुकुण्डे खोला नजिक अस्थायी ल्याण्डफिल साइटमा ग्याविन जाली, टिनको घेराबार गरी उत्सर्जन हुने फोहरमैलाको व्यवस्थापन भएको छ।

८५. निजी जग्गा व्यवस्थापन गर्दा उत्खनन् भएका ढुंगा र माटोको स्टक प्रमाणित गरी ढुवानी अनुमति दिईएकोमा (रु ३०,२१,९३७।४५ मु.अ.क. सहित) दस्तुर संकलन भएको छ।

८६. बौलाहा खोलाको पुलको उत्तरतर्फ थुप्रिएको नदीजन्य पदार्थ व्यवस्थापनका लागि नारायणघाट-बुटवल सडक योजना (पूर्वी खण्ड) को निर्माण कम्पनी चाइना स्टेट कन्सट्रक्सन ईन्जिनियरिङ कर्पोरेसन लि. सँग सम्झौता गरी गण्डकी प्रदेश सरकारले तोके बमोजिमको रु ५४,५९,५५०।०० राजस्व संकलन भएको छ।

८७. नारायणी नदीको नवलपुर तर्फको भंगालोमा पानी सुकेर दाहसंस्कार घाटमा पानीको अभाव भएकोमा गैडाकोट स्थित सिख्रौलीघाट र देवचुलीको पिप्रहर, कुँजौलीमा नदीको बहाव फर्काउने कार्यका लागि एक्साभेटर प्रयोग गरी नदी "च्यानलाईज" को कार्य गर्नुका साथै विपद् व्यवस्थापन र जोखिम न्यूनिकरणका लागि बौलाहा, मुकुण्डे, लोकाहा खोलामा च्यानलाईजको कार्य गरिएको छ।

८८. देवचुली नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना, २०८१ कारितास नेपाल सँगको सहकार्यमा तयार गरी विपद् खोज तथा उद्दार सामग्रीहरुको व्यवस्थापन गरिएको छ।

८९. नगरपालिका र गैर सरकारी संस्थाको सहकार्यमा नगर वास योजना निर्माणका लागि प्रारम्भिक तथ्याङ्क संकलनको कार्य सम्पन्न भई प्रमाणिकरणको चरणमा रहेको छ।

९०. न्यायिक समितिमा चालु आ.व.मा ५३ र गत आ.व. बाट सरेको २६ गरी कुल ७९ वटा उजुरी दर्ता भएकोमा ६३ वटा समाधान भएको छ।

९१. व्यक्तिगत घटना दर्तासँग सम्वन्धी कागजातहरुलाई डिजिटाईजे गरी अभिलेख अद्यावधिक गरिएको छ

९२. आ.व २०८१/०८२ को व्यक्तिगत घटनादर्ता अन्तर्गत ६६६ जन्मदर्ता, २९२ मृत्युदर्ता, ३६९ विवाहदर्ता, ७१ सम्बन्ध विच्छेद भएको तथा ३४१ परिवार बसाईसराई आएको १६३ परिवार बसाईसराई गएका छन।

९३. आ.व २०८१/०८२ मा कुल ५६१६ जनालाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ।

९४. नगरपालिका, वडा कार्यालय र स्वास्थ्य चौकीमा ई हाजिरी प्रणाली विस्तार गरी एकीकृत हाजिरी व्यवस्थापन प्रणालीमा आवद्ध गरिएको छ।

९५. केन्द्रिकृत अनलाइन नागरिकता सूचना व्यवस्थापन प्रणाली १७ वटै वडामा सञ्चालन गरी निरन्तरता दिइएको छ।

९६. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA को मा ९०.७५ अंकभार स्थानीय तह वितीय सुशासन जोखिम मूल्याङ्कन FRA मा ८६.५ अंकभार स्थानीय आर्थिक विकास मूल्याङ्कन LED ९० अंकभार प्राप्त छ।

९७. हाल सम्म ९१ वटा ऐन, नियमावली, कार्यविधि निर्देशिका जारी भएका छन।यस आ.व मा मात्र १५ वटा ऐन नियमावली कार्यविधि निर्देशिका जारी भएका छन।

९८. गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरणको कार्यक्रममा नगरभित्रका कुल ६७५ गरिब परिवार पहिचान गरिएको छ।

९९. चालु आ व मा नगरपालिकाको सुशासन, विकास, व्यवस्थापन र सेवाप्रवाह सम्वन्धी ४ पटक सार्वजनिक सुनुवाई तथा त्रैमासिक रुपमा ४ ओटा प्रगति समिक्षा र सम्पन्न गरिएको छ।

१००. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित व्यवस्था वमोजिम नगरको नीति, कानून, मापदण्ड र निर्णय कार्यान्वनको लागि नगर प्रहरीको गठन तथा परिचालन गरिएको छ।

सभाध्यक्ष ज्यू,

अब म आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका उद्धेश्यहरू प्रस्तुत गर्न चाहन्छु ।

१. उपलब्ध श्रोत, साधन, अवसर र क्षमताको अधिकतम उपयोग गरी नगरभित्रका जनतकोआर्थिक अवस्थालाई सवलिकरण गर्ने,
२. कृषि, पशु र वनजन्य उत्पादनको विविधीकरण, व्यवसायीकरण तथा उत्पादकत्व वृद्धि गर्ने;
३. गुणस्तरीय स्वास्थ्य सेवामा नगरबासीको पहुँच विस्तारगरी स्वास्थ्य सेवा प्रदान गर्ने,
४. रोजगारमूकल, व्यवहारिक र प्रावधिक सीप तथा तालिम मार्फत रोजगारीको सिर्जना गरी नागरिकको जीवनलाई सहज र सुरक्षित बनाउने, कार्यक्रम कार्यान्वनमा पार्दशिता , गुणस्तरियता र जनसहभागिता सहित सेवा प्रवाहलाई सरल, सहज र सरलीकरण गर्दै सुशासन कायम गर्ने,
५. दिगो विकासको लक्ष्य र जलवायु परिवर्तन बाट देखिएको असरलाई न्यूनीकरण गर्दै बातावरणमैत्री विकास मार्फत स्वच्छ, सफा, हराभरा हरियाली नगरको विकास गर्ने ,
६. दिगो विकासको लक्ष्य र जलवायु परिवर्तन बाट देखिएको असरलाई न्यूनीकरण गर्दै वातावरणमैत्री विकास मार्फत स्वच्छ, सफा, हराभरा नगरको विकास गर्ने ।

नगरसभाका सभाध्यक्ष ज्यू,

नगरसभाका सदस्य ज्यूहरु,

अब म यस सम्मानित नगरसभामा आगामी आर्थिक वर्ष २०८२/८३ को लागि प्रस्तावित आय र व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. कुल विनियोजित वजेटमा विषयगत क्षेत्र अन्तर्गत सामाजिक विकास क्षेत्र तर्फ रु ४१ करोड ९२ लाख ६५ हजार , आर्थिक विकास क्षेत्र तर्फ रु ७ करोड ६३ लाख २६ हजार, पुर्वाधार विकास क्षेत्र तर्फ रु १९ करोड ३२ लाख ७ हजार, सुशासन तथा अन्तरसम्बन्धि तथा वन वातावरण र विपद तर्फ रु ३ करोड ६० लाख ३८ हजार, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र तर्फ रु १६ करोड ६ लाख २२ हजार वजेट विनियोजन गरेको छु ।
२. कृषि क्षेत्रमा रोजगारी प्रवर्द्धन, उत्पादन उत्पादकत्व वृद्वि आत्मनिर्भर उन्मुख गराउन सामूहिक खेती प्रणाली कार्यक्रम सञ्चालनको लागि रु ३० लाख र मेयरसँग कृषक कार्यक्रमका लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।
३. उत्पादन उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना गर्नको लागि कृषिमा नगर श्रम कार्यक्रम सञ्चालन गर्न रु २५ लाख रकम विनियोजन गरेको छु ।

४. किसान सुरक्षा कार्यक्रममार्फत कृषि पेशालाई मर्यादित, दिगो र सम्मानित बनाउन रु १० लाख विनियोजन गरेको छु ।
५. सामुदायिक वनसँगको साझेदारीमा वनसँग कृषि कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
६. नदि उकास, सरकारी तथा सार्वजनिक जग्गाहरुमा खरबुजा र वयर खेति सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
७. सामूहिक खेती मार्फत कृषिमा युवालाई प्रोत्साहित कार्यक्रम, कृषि उपज उत्पादनमा आधारित अनुदान कार्यक्रम तथा नगर सवारी घर घरमा करेसबारी कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
८. दुग्ध उत्पादक कृषकहरुलाई प्रति लिटर १ रुपैयाँका दरले दिइदै आइएको प्रोत्साहनलाई निरन्तरता दिएको छु ।
९. किसानको गोठमा पशु सेवा प्राविधिक र खेतमा कृषि सेवा प्राविधिक सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छु ।
१०. टोल सुधारसँगको सहकार्यमा हरित सौन्दर्य पथ निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।
११. नगरमा सिप सहितको शिक्षा, रोजगारी प्रवर्धन तथा कृषि प्रदर्शनी गर्न एकिकृत प्रदर्शनी मेलाको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
१२. नगर शासन, विकास र सेवा प्रवाहमा स्नातक पढ्दै गरेका विद्यार्थीहरु कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
१३. युवा, खेल, खेलाडी उत्पादन र खेल प्रशिक्षणको लागि रु २५ लाख विनियोजन गरेको छु ।
१४. नगरमा शिक्षक सेवा आयोग र लोकसेवा आयोगको परीक्षा तयारीको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
१५. स्वस्थ जीवनको प्रवर्धनको लागि सकरात्मक सोच अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
१६. विद्यार्थी मेयर छात्रवृत्ति कार्यक्रमको निरन्तरता स्वरुप रु ४० लाख बजेट विनियोजन गरेको छु ।
१७. सामुदायिक विद्यालयका प्रधानाध्यापकको लागि प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु ।
१८. विशेषज्ञ सेवा विस्तार सहित नगर अस्पताल निर्माण सम्पन्न, सञ्चालन र व्यवस्थापनका लागि रु २ करोड २५ लाख बजेट विनियोजन गरेको छु ।
१९. बालमैत्री सूचकहरुको पूनरावलोकन, नमुना बाल संसद तथा ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापनाको लागि बजेट व्यवस्थापन गरेको छु ।

२०. तरकारी फलफुल र खाद्यान्न बालीका क्षेत्रमा कुल ५ ओटा पकेट क्षेत्र विस्तार गर्न रु ३५ लाख वजेट विनियोजन गरेको छु।

२१. सिँचाइ पूर्वाधार, मल विउ विजन, व्याजमा अनुदानको व्यवस्थाका साथ व्यवसायिक कृषक प्रवर्द्धनात्मक कार्यक्रमका लागि रु ३३ लाख बजेट विनियोजन गरेको छु।

२२. नगरको सवारी घर घरमा करेसावारी, महको न्यूनतम समर्थन मूल्य निर्धारण, किसान सँग सवारी लगायतका कृषकसँग प्रत्यक्ष रुपमा जोडिने खालका कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२३. विपन्न विद्यार्थीअभिभावक र नागरिक स्वास्थ्य विमा कार्यक्रम निरन्तरताका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु।

२४. नगर जनस्वास्थ्य कार्यक्रम मार्फत ज्येष्ठ नागरिक घर दैलो कार्यक्रम, स्वास्थ्य शिविर जस्ता कार्यक्रम सञ्चालनका लागि रु ८ लाख बजेट व्यवस्था गरेको छु।

२५. मुख्य बजार र हाइ वे क्षेत्रमा आवश्यक सुरक्षा व्यवस्थापन गर्न सि सि क्यामेरा जडान कार्यको लागि रु १८ लाख बजेट विनियोजन गरेको छु।

२६. पूर्वाधार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नको लागि डिजिटल संयन्त्र सहित सिभिल ल्याव स्थापनका लागि रु १२ लाख बजेट विनियोजन गरेको छु।

२७. नागरिक सेवा कक्ष निर्माण गरी सञ्चालन र व्यवस्थापनको लागि रु १५ लाख विनियोजन गरेको छु।

२८. विपद् र विपद्जन्य कार्यको पूर्व तयारीको लागि आपतकालिन सञ्चालन केन्द्र निर्माण गर्नको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु।

२९. किसानले उत्पादन गरेका कृषि उपज संकलन, भण्डारण, बजारीकरण तथा ढुवानी केन्द्र सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

३०. बाख्रा र कुखुरा पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालनको लागि रु १० लाख विनियोजन गरेको छु।

३१. देवचुली नगरपालिका वडा नं ९ को भैँसी फर्म देखि पश्चिम आले चोक हुँदै रत्नचोक देखि खनिया चोक उत्तर जाने बाटो स्तरोन्नती लाख रु ४५ लाख बजेट विनियोजन गरेको छु।

३२. खराब ऋण प्रवाहलाई न्यूनिकरण गर्नको लागि सहकारीहरुको सहकार्यमा कर्जा सूचना केन्द्र स्थापनाको, सहकारी संस्था तथा पदाधिकारीहरुको क्षमता विकास, नगरभित्रका व्यवसायहरुको लागी व्यवसाय सुरक्षाको , लगानी सम्मेलन लगायतका कार्यक्रमको लागी रु २० लाख बजेट विनियोजन गरेको छु।

३३. देवचुली नगरपालिका वडा नं १ देखि १७ रिङ रोड निर्माणका लागि रु २ करोड २६ लाख ५० हजार बजेट विनियोजन गरेको छु

३४. विपन्न आवस निर्माणका लागि रु ८५ लाख बजेट विनियोजन गरेको छु।

३५. मानव र वन्यजन्तु बीचको द्वन्द न्यूनीकरणको लागि कंक्रिट वाल सहितको मेष जाली निर्माण गर्न रु ९१ लाख बजेट विनियोजन गरेको छु ।

३६. वडा नं १३ दलदले बजार बगुई खोला देखि बौलाहा खोला सम्म नाली निर्माण गर्नको लागि रु १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ ।

३७. देवचुली डाँडा पर्यटन विकास, खानेपानी पूर्वाधार निर्माणका लागि रु ४० लाख बजेट विनियोजन गरिएको छ ।

३८. शासन विकास, सेवा प्रवाह र नगरका सम्भावनाको क्षेत्रहरुको पहिचानको लागि विज्ञहरु आमन्त्रण गरी नीति सम्वाद कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु ।

३९. आधारभुत स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुले खाईपाई आएको मासिक तलबमा रु १ हजार ५ सयले वृद्धि गरेको छु ।

४०. यस बर्ष देखि कर्मचारी स्वास्थ्य विमा कार्यक्रमका लागि आवश्यक बजेट विनयोजन गरेको छु ।

४१. नगरभित्रका व्यवसायहरुलाई प्रवर्धन गर्न उद्योग वाणिज्य संघको सहकार्यमा व्यवसायीको सामूहिक दुर्घटना विमाको लागि बजेट व्यवस्थापन गरेको छु ।

४२. भूमि व्यवस्थापन एवम् सार्वजनिक जग्गा संरक्षणको लागि रु ९ लाख विनियोजन गरेको छु ।

४३. श्रमिकको सम्मानका लागि श्रम डेस्क स्थापना, रोजगार प्रवर्द्धनको लागि रोजगार मेला लगायतका कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

४४. महिला सशक्तिकरण, दलित अल्पसंख्यक पिछडिएको समुदाय लक्षित वर्ग कार्यक्रम सञ्चालनको लागि रु १५ लाख र महिला उद्यमशीलता आयआर्जन कार्यक्रमको लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

४५. भान्सा सुधार कार्यक्रम, नागरिक आरोग्य क्लिनिक, स्वास्थ्य जीवन प्रवर्द्धनका लागि सकरात्मक सोच अभिवृद्धि कार्यक्रम, स्थानीय जडिबुटीको परिचयात्मक कार्यक्रम, आयुर्वेदिक औषधी निर्माण तथा निशुल्क आयुर्वेद स्वास्थ्य शिविर लगायतका कार्यक्रमको लागि रु २२ लाख बजेट विनियोजन गरेको छु ।

४६. प्रकृतिक प्रकोप तथा अन्य विपतजन्य घटनाको लागि खर्च हुने विशेष कोषमा रु १ करोड विनियोजन गरेको छु ।

४७. सङ्घीय तथा प्रदेश सरकारको समपुरक अनुदानबाट सञ्चालन हुने विभिन्न आयोजनाका लागि नगरपालिकाका तर्फबाट समपुरण गर्नका लागि समपुरक कोषमा रु ३ करोड विनियोजन गरेको छु ।

४८. वडास्तरीय कार्यक्रमका लागि विकासका ५ स्तम्भहरु आर्थिक , सामाजिक, पूर्वाधार, वन वातावरण र संस्थागत विकासका लागि भुगोल, जनसंख्या, राजश्व र गरिवी जस्ता सुत्रको आधार समेतबाट १७ वडाको लागि जम्मा रु ८ करोड बजेट विनियोजन गरेको छु ।

४९. आन्तरिक स्रोत तर्फका योजनाहरुको स्रोत संकलन भए पश्चात मात्र सम्झौता गरी कार्य गर्ने प्रकृया अगाडि बढाउन सक्ने व्यवस्था गरिएको छ ।

५०. निश्चित समयमा गर्नुपर्ने भनी तोकिएका बाहेकका तालिम, सेमिनार र गोष्ठीहरु बैशाख मसान्त भित्र गरिसक्नुपर्ने व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष ज्यू,

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि चालुतर्फ रु ५५ करोड ५८ लाख ९१ हजार ५ सय २ र पूँजिगत तर्फ ३२ करोड ९५ लाख ६८ हजार ४१ रुपैयाँ गरी व्यय तर्फ कुल ८८ करोड ५४ लाख ५९ हजार ५ सय ४३ रुपैयाँको वार्षिक वजेट तथा कार्यक्रम पेश गरेको छु । सङ्घीय सरकारको सशर्त अनुदान ३४ करोड ५६ लाख, वित्तीय समानीकरण अनुदान १३ करोड ६७ लाख, विशेष अनुदान २ करोड २५ लाख र राजस्व बाँडफाँड १२ करोड ९१ लाख २५ हजार ६ सय ९३ समावेश गरेको छु । यसै गरी गण्डकी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान १ करोड ७९ लाख ३२ हजार र राजश्व बाँडफाँड बापत रु १ करोड ५८ लाख ९९ हजार, विशेष अनुदान तर्फ रु ४० लाख र समपुरक अनुदानतर्फ रु ६० लाख रहेको छ । यस नगरपालिकाको आन्तरिक आय ७ करोड ७० लाख, र चालु आ.व. को नगद मौज्दात बैंक अल्या बाट रु ९ करोड १६ लाख २ हजार ८ सय ५० गरी कुल कुल ८८ करोड ५४ लाख ५९ हजार ५ सय ४३ आय हुने अनुमान प्रक्षेपण गरेको छु । बजेट तथा कार्यक्रम अनुसूची यसै साथ संलग्न गरिएको छ ।

यस बजेट तथा कार्यक्रमसँगै आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ समेत यस सम्मानित नगर सभामा पेश गरेको छु ।

अन्त्यमा,

प्रस्तुत वजेट निर्माणको क्रममा आवश्यक मार्गदर्शन तथा सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय नगर प्रमुख ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत लगायत सम्बन्धित सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा, प्रस्तुत योजना, बजेट तथा कार्यक्रमहरु नीति अनुरुप कार्यान्वयनमा सबैबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै बजेट कार्यान्वनको लागि अपेक्षा गर्दछु ।

धन्यवाद ।